# विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१

विभूषण सिफारिस तथा सम्मान सम्बन्धी कार्यलाई निष्पक्ष, पारदर्शी तथा व्यवस्थित बनाई राज्यद्वारा सार्वजनिक व्यक्ति, पदाधिकारी वा संस्थालाई सम्मान गरिने विभूषण (मानपदवी, अलंकार र पदक) लाई ओजपूर्ण बनाउँदै राष्ट्रिय जीवनका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, अन्वेषणात्मक लगायत अन्य क्षेत्र वा अन्तराष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुर्‍याई राष्ट्रको गरिमा, प्रतिष्ठा र पहिचानको अभिवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गर्ने सार्वजनिक व्यक्ति, पदाधिकारी, राष्ट्रसेवक वा संस्था नेपाली वा विदेशी नागरिकहरुलाई राज्यका तर्फबाट कदर तथा सम्मान स्वरुप प्रदान गर्न विभूषण सिफारिस तथा सम्मान सम्बन्धी मापदण्ड र प्रक्रिया व्यवस्थित गर्ने प्रयोजनका लागि विभूषण नियमावली, २०६५ को नियम ३४ ले दिएको अधिकार प्रयोग गरी विभूषण समितिले "**विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१**" जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम **"विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले विभूषण ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले विभूषण नियमावली, २०६५ सम्झनु पर्छ ।

(ग) "विभूषण" भन्नाले विभूषण ऐन, २०६४ को दफा २ (क) वमोजिम प्रदान गरिने मानपदवी, अलङ्कार र पदक सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले ऐनको दफा ४ बमोजिमको विभूषण समिति सम्झनु पर्छ ।

# परिच्छेद २
# उद्देश्य

**३. उद्देश्य**

**"विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१"** जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छः

क. विभूषण सिफारिसको दायरा, मानक एवम् प्रक्रिया निर्धारण गर्नु,

ख. राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली वा विदेशी नागरिकहरुको योगदानको वास्तविक पहिचान गरी मुलुकका तर्फबाट कदर तथा सम्मान स्वरुप विभूषण प्रदान गर्ने आधारहरु तय गर्नु।

# परिच्छेद ३
# विभूषण प्रदान गरिने क्षेत्र

४. नेपाली नागरिक वा विदेशी नागरिकले स्वदेश वा विदेशमा रही उल्लेखनीय, उदाहरणीय कार्य गर्ने एवम् पौरख, कौशलता प्रदर्शन गर्ने, नेपालको गरिमा र गौरव बढाउने कार्य गर्ने तथा आ-आफ्नो विधा र क्षेत्रमा रही विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्तिहरुलाई विभूषण प्रदान गर्न सिफारिस गर्न सकिनेछ। यसरी सिफारिस गरिने क्षेत्र, विधा र दायरा देहाय बमोजिम हुनेछन्ः

**क. राजनीतिक क्षेत्रः**

यस क्षेत्र भित्र नेपाल र नेपाली समाजको समग्र उत्थान, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत सुदृढीकरण गर्दै सुशासन, समावेशीता, विकास एवम् समृद्धिका लागि राजनीतिक योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तिहरुलाई विभूषण सिफारिस गर्न सकिनेछ ।

**ख. सामाजिक सेवा क्षेत्रः**

समाजका विभिन्न क्षेत्रहरुमा रही सामाजिक रुपान्तरण, न्याय तथा समाज उत्थानमा समाजसेवा तथा गैरसरकारी क्षेत्रमा रही विशिष्ट योगदान पुऱ्याउने व्यक्ति/संस्थालाई यस क्षेत्र अन्तर्गत विभूषण सिफारिस गर्न सकिनेछ ।

**ग. आर्थिक क्षेत्रः**

अर्थतन्त्रलाई बलियो एवम् सुदृढीकरणका लागि विभिन्न आयामहरुः कृषि, उद्योग, पर्यटन, पूर्वाधार, सेवा, सहकारी, वित्तीय क्षेत्र एवम् पुँजी बजार, सूचना प्रविधि, निजी_क्षेत्र लगायतका क्षेत्रहरुमा रही विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्ति/संस्थालाई यस क्षेत्रभित्र समेट्ने गरी विभूषण सिफारिस गर्न सकिनेछ।

**घ. शान्ति, सुरक्षा र सार्वजनिक प्रशासन क्षेत्रः**

नेपाल र नेपालीको सार्वभौमिकताको रक्षा, वैयक्तिक स्वतन्त्रताको सुरक्षा, सार्वजनिक सम्पत्तिको सुरक्षा एवम् जगेर्ना, शान्ति, स्थिरता, सुशासन र सार्वजनिक प्रशासन तथा न्यायिक क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तिहरुलाई यस क्षेत्र अन्तर्गत विभूषण सिफारिस गर्न सकिनेछ।

**ङ. शिक्षा, ज्ञान-विज्ञान, प्रविधि तथा अन्वेषण एवम् अनुसन्धान क्षेत्रः**

शिक्षा, ज्ञान-विज्ञान, प्रविधि तथा अन्वेषण एवम् अनुसन्धान क्षेत्रमा कार्यरत रही नेपाल र नेपाली नागरिकको सेवा एवम् उक्त क्षेत्रको विशिष्टीकरण एवम् उत्थानमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति/संस्थालाई यस विधाबाट विभूषण सिफारिस गर्न सकिनेछ ।

**च. स्वास्थ्य एवम् चिकित्सा विज्ञान क्षेत्रः**

समग्र नागरिकको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, नागरिकको मानसिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य एवम् चिकित्सा विज्ञान लगायत यस क्षेत्रभित्र रही विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्तिहरुलाई विभूषण सिफारिस गर्न सकिनेछ।

**छ. सूचना प्रविधि तथा सञ्चार क्षेत्रः**

यस क्षेत्र भित्र रही विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्ति/संस्थालाई विभूषण सिफारिस गर्न सकिनेछ।

**ज. भाषा, साहित्य, कला र संस्कृति क्षेत्रः**

नेपालको राष्ट्र तथा राष्ट्रिय भाषा, लोपोन्मुख भाषा, लिपि, साहित्य, मूर्त तथा अमूर्त सम्पदा/कला एवम् संस्कृति क्षेत्रको संरक्षण र सम्बर्द्धनमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति/संस्थालाई विभूषण सिफारिस गर्न सकिनेछ ।

**झ. खेलकुद क्षेत्रः**

खेलकुद क्षेत्रमा रही विशिष्ट योगदान पुऱ्याई नेपाल र नेपालीको गरिमा बढाउने कार्य गर्ने व्यक्ति/संस्थालाई विभूषण सिफारिस गर्न सकिनेछ ।

**ञ. वातावरण क्षेत्रः**

प्राकृतिक स्रोत-साधन संरक्षण, वातावरण, जैविक विविधता तथा जलवायु परिवर्तन न्याय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याई नेपाल र नेपालीको गरिमा बढाउने कार्य गर्ने व्यक्ति/संस्थालाई विभूषण सिफारिस गर्न सकिनेछ ।

**ट. राष्ट्रिय जीवनका अन्य महत्वपूर्ण क्षेत्रः**

नेपालको पहिचान, प्रतिष्ठा, गरिमा, राष्ट्रिय एकता उच्च पार्ने, नेपाल र नेपाली समाजलाई आफ्नो इमान्दारिता, निष्ठा, क्षमता र विवेक प्रयोग गरी योगदान पुऱ्याउँदै आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान पुर्याउने नेपाली वा विदेशी नागरिकलाई विभूषण सिफारिस गर्न सकिनेछ ।

## परिच्छेद - ४
## विभूषणका प्रकार तथा सिफारिसका आधारहरु

### ५. विभूषणका नाम, प्रकार एवम् क्रमः

नेपाल सरकारबाट राष्ट्रिय जीवनका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, कला, साहित्य, भाषा, अनुसन्धान-अन्वेषण लगायत अन्य क्षेत्र वा अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिक तथा कुनै क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति प्राप्त वा नेपालको हितको लागि विशिष्ट योगदान पुऱ्याउने विदेशी नागरिकलाई सम्मान स्वरुप देहायका विभूषण प्रदान गर्न सकिनेछ ।

**अ) नेपालरत्न**
**आ) राष्ट्र गौरव**
**इ) राष्ट्रदीप**
**ई) जनसेवाश्री**

**५.१. उपर्युक्त विभूषणहरु प्रदान गर्ने आधार एवम् मापदण्ड देहाय बमोजिम हुनेछ ।**

**क. नेपालरत्न** मानपदवी एक पटकमा एक जनालाई मात्र प्रदान गर्न सकिनेछ ।

**ख. राष्ट्र गौरव** मानपदवी एक पटकमा दुई जनासम्मलाई प्रदान गर्न सकिनेछ ।

**ग. राष्ट्रदीपः-**

(ग.१) महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी)

(ग.२) उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी)

(ग.३) सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणी)

(ग.४) कीर्तिमय राष्ट्रदीप (चतुर्थ श्रेणी )

(ग.५) राष्ट्रदीप (पञ्चम श्रेणी)

**(ग.१) महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न अति विशिष्टतम् योगदान पुऱ्याउनु भएका पूर्व उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष लगायत अन्य अति विशिष्ट महानुभावहरु मध्येबाट बढीमा २ (दुई) जनालाई महाउज्ज्वल राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

**(ग.२) उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्टतम् योगदान पुऱ्याउनु भएका पूर्व प्रतिनिधि सभाका उप सभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, प्रदेश प्रमुख, संघीय सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका पदाधिकारी, नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका मन्त्री वा सो सरहको मर्यादाक्रममा पर्ने र अन्य विशिष्ट महानुभावहरु मध्ये बढीमा २ (दुई) जनालाई उज्ज्वल कीर्तिमय राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

**(ग.३) सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुऱ्याउनु भएका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी, प्रदेश सरकार, स्थानीय तहका पदाधिकारी, नेपाल सरकारका प्रथम श्रेणी वा सो सरहका राष्ट्रसेवक कर्मचारी र सो सरहको मर्यादाक्रममा पर्ने तथा अन्य विशिष्ट महानुभावहरु मध्ये बढीमा ५ (पाँच) जनालाई सुकीर्तिमय राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

**(ग.४) कीर्तिमय राष्ट्रदीप (चतुर्थ श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुऱ्याउनु भएका नेपाल सरकारका राजपत्राङ्कित द्वितीय एवम् तृतीय

श्रेणी वा सो सरहका राष्ट्रसेवक कर्मचारी वा सो सरहको मर्यादाक्रममा पर्ने अन्य महानुभावहरु मध्ये बढीमा ५ (पाँच) जनालाई कीर्तिमय राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

**(ग.५) राष्ट्रदीप (पञ्चम श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुऱ्याउनु भएका राजपत्र अनंकित तथा श्रेणी विहिन राष्ट्रसेवक कर्मचारी वा सो सरहको मर्यादाक्रममा पर्ने अन्य महानुभावहरु मध्ये बढीमा ५ (पाँच) जनालाई राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

**घ. जनसेवा श्रीः-**

(घ.१) सुप्रसिद्ध प्रबल जनसेवा श्री (प्रथम श्रेणी)

(घ.२) प्रसिद्ध प्रबल जनसेवा श्री (द्वितीय श्रेणी)

(घ.३) सुप्रबल जनसेवा श्री (तृतीय श्रेणी)

(घ.४) प्रवल जनसेवा श्री (चतुर्थ श्रेणी)

(घ.५) जनसेवा श्री (पञ्चम श्रेणी)

**(घ.१) सुप्रसिद्ध प्रबल जनसेवा श्री (प्रथम श्रेणी):** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्टतम् योगदान पुऱ्याउनु भएका पूर्व उपराष्ट्रपति, नेपाल सरकारका प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष लगायत अन्य विशिष्ट महानुभावहरु मध्येबाट बढीमा २ (दुई) जनालाई सुप्रसिद्ध प्रबल जनसेवा श्री प्रदान गर्न सकिनेछ।

**(घ.२) प्रसिद्ध प्रबल जनसेवा श्री (द्वितीय श्रेणी):** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्टतम् योगदान पुऱ्याउनु भएका पूर्व प्रतिनिधि सभाका उप सभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, प्रदेश प्रमुख, संघीय सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका पदाधिकारी, नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका मन्त्री वा सो सरहको मर्यादाक्रममा पर्ने र अन्य महानुभावहरु मध्ये बढीमा ५ (पाँच) जनालाई प्रसिद्ध प्रवल जनसेवा श्री प्रदान गर्न सकिनेछ ।

**(घ.३) सुप्रबल जनसेवा श्री (तृतीय श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुऱ्याउनु भएका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी,

स्थानीय तहका पदाधिकारी, नेपाल सरकारका प्रथम श्रेणी वा सो सरहका राष्ट्रसेवक कर्मचारी र सो सरहको मर्यादाक्रममा पर्ने तथा अन्य महानुभावहरु मध्ये बढीमा १० (दश) जनालाई सुप्रबल जनसेवा श्री प्रदान गर्न सकिनेछ ।

**(घ.४) प्रबल जनसेवा श्री (चतुर्थ श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुर्‍याउनु भएका नेपाल सरकारका राजपत्राङ्कित द्वितीय एवम् तृतीय श्रेणी वा सो सरहका राष्ट्रसेवक कर्मचारी वा सो सरहको मर्यादाक्रममा पर्ने अन्य महानुभावहरु मध्ये बढीमा ३० (तीस) जनालाई प्रबल जनसेवा श्री प्रदान गर्न सकिनेछ ।

**(घ.५) जनसेवा श्री (पञ्चम श्रेणी):** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्टतम् योगदान पुर्‍याउनु भएका राजपत्र अनंकित तथा श्रेणी बिहिन राष्ट्रसेवक कर्मचारी वा सो सरहको मर्यादाक्रममा पर्ने अन्य महानुभावहरु मध्ये बढीमा ४० (चालिस) जनालाई जनसेवा श्री प्रदान गर्न सकिनेछ ।

**५.२. अलंकारतर्फः** नेपाली नागरिक, निजामती, अन्य राष्ट्रसेवक कर्मचारीहरु, नेपाली सेना, नेपाल प्रहरी एवम् सशस्त्र प्रहरीमा कार्यरत राष्ट्रसेवकहरुलाई देहायका अलंकार प्रदान गर्न सकिनेछ ।

**(५.२.क)** नेपाली नागरिकहरु एवम् अन्य राष्ट्रसेवक कर्मचारीहरुका लागि प्रदान हुने अलंकारहरुः

**(१) राष्ट्र यशोवर्द्धकः-** राष्ट्रिय वा अन्तर्राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा उदाहरणीय काम गरी राष्ट्रको मान, प्रतिष्ठा, यश, गौरव वृद्धि गर्ने काममा योगदान दिने नेपाली नागरिक वा संस्था मध्ये बढीमा २ (दुई) जनालाई राष्ट्र यशोवर्द्धकको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(२) नेपाल सेवा प्रवीणः** शिक्षा, भाषा, साहित्य, कला, विज्ञान, संस्कृति, सार्वजनिक प्रशासन लगायत सार्वजनिक जीवनका विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरी देश र जनताको सेवामा समर्पण भाव देखाई विशेष योगदान पुर्‍याउने नेपाली नागरिक वा संस्था मध्ये बढीमा २ (दुई) जनालाई नेपाल सेवा प्रवीणको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(३) समाजसेवा रत्न-** सामाजिक सेवाको कुनै पनि क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने विशेषगरी वृद्ध, महिला, बालबालिका, अशक्त, असहाय, अपाङ्ग, मानव वेचविखन रोकथाम क्षेत्रमा काम गर्ने, लगायत शारीरिक वा मानसिक रूपबाट पीडित व्यक्तिको उद्धार हुने किसिमका कार्य गर्ने व्यक्ति नागरिक वा संस्था मध्ये बढीमा १० (दश) जनालाई समाज सेवा रत्नको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(५.२.ख)** नेपाली सेनातर्फ कार्यरत राष्ट्रसेवकहरुलाई प्रदान हुने अलंकारहरुः

**(१) परमपौरख भास्करः** नेपालको सार्वभौमसत्ता अक्षुण्ण राख्न एवम् भूगोलको रक्षाको निमित्त वा कर्तव्य पालनाको सिलसिलामा ज्यानको प्रवाह नराखी अति साहसपूर्ण काम गर्ने वा राम्रो योजना बनाई सफल परिणाम हासिल गराउने नेपाली सेना मध्ये बढीमा ४ (चार) जनालाई परमपौरख भास्करको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(२) अतिपौरख भास्करः** नेपालको सार्वभौमसत्ता अक्षुण्ण राख्न एवम् भूगोलको रक्षाको निमित्त कर्तव्य पालनको सिलसिलामा ज्यान जोखिममा राखी साहसपूर्ण काम गर्ने वा राम्रो समूह बनाई सफल परिणाम हासिल गराउने नेपाली सेनाका जवान वा अधिकृत मध्ये बढीमा ४ (चार) जनालाई अतिपौरख भास्करको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(३) महापौरख भास्करः** नेपालको सार्वभौमसत्ता अक्षुण्ण राख्न एवम् भूगोलको रक्षाको निमित्त कर्तव्य पालनाको सिलसिलामा ज्यान जोखिममा राखी असाधारण बहादुरीका साथ साहसपूर्ण काम गर्ने नेपाली सेनाका जवान वा अधिकृत मध्ये बढीमा ४ (चार) जनालाई महापौरख भास्करको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(५.२.ग)** नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलतर्फ कार्यरत राष्ट्रसेवकहरुलाई प्रदान हुने अलंकारहरुः

(१) **नेपाल प्रताप सुभूषणः-** आतङ्ककारी गतिबिधि वा दङ्गा नियन्त्रण गर्ने कार्यमा उल्लेख्य योगदान गर्ने, गम्भीर प्रकृतिको अपराध नियन्त्रण एवम् अनुसन्धानमा उल्लेख्य भूमिका निर्वाह गर्ने, आफ्नो सेवाप्रति अत्यन्त निष्ठावान् भई आफू कार्यरत सङ्गठनको नाम उच्च राख उल्लेख्य योगदान दिने प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्धार, राहत एवम् व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने, सीमा सुरक्षामा विशिष्ट र उल्लेख्य योगदान पुऱ्याउने प्रहरी मध्ये बढीमा ४ (चार) जनालाई नेपाल प्रताप सुभूषणको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(२) नेपाल प्रताप आभूषणः-** आतङ्ककारी गतिविधि, दङ्गा नियन्त्रण, गम्भीर प्रकृतिको अपराध नियन्त्रण र अनुसन्धान गर्ने कार्य, प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्धार, राहत एवम् प्रकोप व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने कार्यमा महत्वपूर्ण योगदान दिने वा अपहरित व्यक्तिको उद्धार गर्ने वा सीमा सुरक्षामा विशिष्ट र उल्लेख्य कार्य गर्ने प्रहरीका जवान वा अधिकृत मध्ये बढीमा ४ (चार) जनालाई नेपाल प्रताप आभूषणको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**(३) नेपाल प्रताप भूषणः-** आफ्नो कार्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वा प्राकृतिक प्रकोपका समयमा पीडितहरूलाई तत्परतासाथ सेवा पुऱ्याउने प्रहरीका जवान वा अधिकृत मध्ये बढीमा ५ (पाँच) जनालाई नेपाल प्रताप भूषणको अलङ्कार प्रदान गर्न सकिनेछ ।

**५.३. पदकतर्फः** राष्ट्र सेवाका विभिन्न क्षेत्र र विधाका व्यक्तिहरुलाई देहायका पदकहरु प्रदान गर्न सकिनेछ ।

**(क) लोकश्री पदकः** लोककल्याण तथा सार्वजनिक हितको लागि प्रशंसनीय काम गर्ने नेपाली नागरिक मध्ये बढीमा ३ (तीन) जनालाई लोकश्री पदक प्रदान गर्न सकिनेछ ।

**(ख) राष्ट्रसेवा पदकः** राष्ट्रहितको लागि राष्ट्रसेवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने निजामती कर्मचारी, नेपाली सेना वा प्रहरीका जवान वा अधिकृत मध्ये बढीमा ३ (तीन) जनालाई राष्ट्रसेवा पदक प्रदान गर्न सकिनेछ ।

**(ख.१) प्रथम श्रेणीः-** निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धानमा कार्यरत २५ वर्ष सेवा अवधि पूरा गरेका राष्ट्रसेवकहरूलाई आवश्यकतानुसार प्रदान गर्न सकिनेछ ।

**(ख.२) द्वितिय श्रेणीः-** निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धानमा कार्यरत १२ वर्ष सेवा अवधि पूरा गरेका राष्ट्रसेवकहरूलाई आवश्यकतानुसार प्रदान गर्न सकिनेछ।

**(ग) सत्कार्य पदकः-** मानव जीवनका विभिन्न क्षेत्रमा निस्वार्थ भावले संलग्न रही मुलुक तथा मानव जातिको उत्थान र कल्याणमा सह्राहनीय योगदान पुऱ्याउने जुनसुकै व्यक्ति मध्ये बढीमा ३ (तीन) जनालाई सत्कार्य पदक प्रदान गर्न सकिनेछ ।

**(घ) समाजसेवा पदकः** सामाजिक क्षेत्रमा उल्लेखनीय सेवा गर्ने लब्ध प्रतिष्ठित समाजसेवी/संस्था मध्ये बढीमा ५ (पाँच) वटा समाजसेवा पदक प्रदान गर्न सकिनेछ ।

**(ङ) शिक्षाज्योति पदकः** नेपालभित्र वा अन्तर्राष्ट्रिय क्षेत्रमा शिक्षा, वातावरण संरक्षण वा सूचना प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पु-याउने जुनसुकै नेपाली तथा विदेशी नागरिक मध्ये बढीमा ७ (सात) जनालाई शिक्षाज्योति पदक प्रदान गर्न सकिनेछ ।

(च) **सगरमाथा पदकः** पर्वतारोहण लगायत सार्वजनिक जीवनका अन्य क्षेत्रमा साहसिक कार्य गरी मुलुकको प्रतिष्ठा तथा गौरव बढाउन योगदान पुऱ्याउने व्यक्ति मध्ये बढीमा ३ (तीन) जनालाई सगरमाथा पदक प्रदान गर्न सकिनेछ ।

(छ) **सुकीर्ति पदकः-** राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा कीर्तिमान कायम गरी मुलुकको गौरव तथा प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने नेपाली नागरिक मध्ये बढीमा ३ (तीन) जनालाई सुकीर्ति पदक प्रदान गर्न सकिनेछ ।

(ज) **वीरता पदकः** नेपालभित्र आन्तरिक उपद्रव वा अशान्ति भएको बखत वा कुनै दुर्घटना वा विपत्तिमा परेको व्यक्तिलाई ज्यान जोखिममा राखी बचाउने वा बचाउने प्रयत्न गर्दा आफ्नो ज्यान गुमाउने व्यक्ति वा आफ्नो ज्यानसमेत जोखिममा पारी शान्ति कायम गर्न असाधारण बहादुरी देखाउने नेपाली सेना एवम् प्रहरीमा कार्यरत जवान वा अधिकृत वा अन्य जुनसुकै व्यक्ति मध्ये बढीमा ५ (पाँच) जनालाई वीरता पदक प्रदान गर्न सकिनेछ ।

(झ) **सौर्य पदकः** नेपालको रक्षाका लागि वा नेपालमा अमन चयन कायम राख ज्यान जोखिममा राखी अदम्य साहसका साथ कर्तव्य पालन गर्ने नेपाली सेनाका जवान वा अधिकृत र नेपालमा अमन चयन कायम गर्ने र अपराध नियन्त्रण गर्ने सिलसिलामा विशेष बहादुरीका साथ साहसपूर्ण काम गर्ने प्रहरी जवान वा अधिकृत मध्ये बढीमा ५ (पाँच) जनालाई शौर्य पदक प्रदान गर्न सकिनेछ।

(ञ) **प्राकृतिक प्रकोप पीडितोद्धार पदकः** प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरुको उद्धार एवम् व्यवस्थापन वा प्रकोपको जोखिम न्यूनीकरण गर्ने कार्यमा प्रशंसनीय रूपमा योगदान गर्ने वा सहयोग पुऱ्याउने व्यक्ति वा संस्था मध्ये बढीमा ५ (पाँच) वटा प्राकृतिक प्रकोप पीडितोद्धार पदक प्रदान गर्न सकिनेछ ।

(ट) **विकासरत्न पदकः-** मुलुकको सामाजिक, आर्थिक वा विकास निर्माण कार्यमा संलग्न रही सार्वजनिक कल्याण तथा जनहितको प्रवर्द्धन तथा जनजीवनको स्तरमा सुधारका लागि उल्लेखनीय योगदान पु-याउने व्यक्ति मध्ये बढीमा ३ (तीन) जनालाई विकास रत्न पदक प्रदान गर्न सकिनेछ ।

(ठ) **शान्ति पदकः** संयुक्त राष्ट्र संघको आह्वानमा विदेशमा गई शान्ति कायम गर्ने कार्यमा योगदान पुऱ्याउने वा मुलुकभित्र शान्ति कायम गर्न उदाहरणीय कार्य गर्ने निजामती कर्मचारी, नेपाली सेना तथा प्रहरीका जवान वा अधिकृत मध्ये बढीमा ३ (तीन) जनालाई शान्ति पदक प्रदान गर्न सकिनेछ ।

(ङ) **विज्ञान प्रवीण पदकः** विज्ञान तथा प्रविधिको क्षेत्रमा आविष्कार, अन्वेषण तथा अनुसन्धानमा विशिष्ट योगदान पुऱ्याउने नेपाली वैज्ञानिक मध्ये बढीमा ५ (पाँच) जनालाई विज्ञान प्रवीण पदक प्रदान गर्न सकिनेछ ।

अलंकार र पदक प्रदान गर्ने संख्या विभूषण समितिले निर्धारण गर्नेछ र सम्बन्धित निकायहरुबाट सिफारिस भई आएका नामहरु समितिले हेरफेर गरी थपघट गर्न सक्नेछ ।

## ५.४. विभूषण सिफारिसका आधारहरु,

**५.४.१.** तोकिएका पदाधिकारी एवम् निकायहरुबाट विभूषण समिति समक्ष विभूषणको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

क. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत सुदृढीकरण गर्दै सुशासन, समावेशीता सहित राष्ट्रको गरिमा, प्रतिष्ठा र पहिचानको अभिवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गर्ने कार्यमा विशिष्ट योगदान पुऱ्याएका पदाधिकारी एवम् व्यक्ति वा संस्था,

ख. आ-आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई विशेष योगदान पुऱ्याएको पदाधिकारी, व्यक्ति तथा संस्था,

ग. सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको कार्य उदाहरणीय ढंगबाट सम्पादन गरेको व्यक्ति,

घ. विदेशी नागरिक भए नेपालको समुन्नति तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सम्मान, गरिमा र पहिचान बढाउने कार्यमा विशेष योगदान पुऱ्याएको व्यक्ति,

ङ. कुनै साहसी, बुद्धिमत्तापूर्ण वा लोककल्याणको हित हुने कार्य गरी विशेष योगदान पुऱ्याएको व्यक्ति,

**५.४.२.** विभूषण सिफारिस गर्दा विभूषण समितिले देहाय बमोजिमको योगदान तथा मानक समेतका आधारमा सिफारिस गर्नेछः

क. सम्बन्धित व्यक्तिले गरेको उल्लेखनीय कार्य एवम् योगदान स्पष्ट रुपमा खुलाईएको,

ख. सम्बन्धित व्यक्तिले गरेको कार्य एवम् योगदानबाट सार्वजनिक रुपमा प्रभाव स्थापित भएको,

ग. एउटै मर्यादाक्रममा रहँदा जनसेवा श्री मानपदवी प्राप्त गरिसकेको व्यक्तिलाई अर्को पटक सिफारिस गर्दा सोही श्रेणीको राष्ट्रदीप मानपदवीका लागि सिफारिस गर्ने,

घ. राष्ट्रसेवकको हकमा स्थायी नियुक्ति भएको मितिले ५ (पाँच) वर्ष सेवा अवधि पूरा भएको,

ङ. राष्ट्रसेवकहरु बढुवा भएको मितिले १ (एक) वर्ष सेवा अवधि पूरा भएको,

च. यस पूर्व विभुषण पाएको भए सो मितिले ५ (पाँच) वर्ष व्यतित भएपछि मात्र अर्को विभूषणका लागि सिफारिस गरिनेछ,

तर सार्वजनिक हित, लोककल्याण, राष्ट्रको गरिमा एवम् गौरव बढाउने गरी उल्लेखनीय कार्य गर्नेको हकमा यो अवधि लागू हुने छैन ।

छ. विभुषण सिफारिस गर्दा उच्च चरित्र, निष्ठा, कार्यदक्षता तथा जेष्ठतालाई प्रमुख आधार मानिनेछ,

ज. नेपाल सरकारबाट निजामती सेवा पुरस्कार पाईसकेको राष्ट्रसेवकलाई सो पुरस्कार पाएको ३ (तीन)वर्ष व्यतित भएपछि मात्र विभूषणका लागि सिफारिस गर्न सकिनेछ,

झ. दुर्गम क्षेत्र र कठिन परिस्थितिमा रही कार्य गरेका राष्ट्रसेवक कर्मचारीहरुलाई विभूषण सिफारिस गर्दा विशेष प्राथमिकता दिई सिफारिस गर्न सकिनेछ,

ञ. नेपाल सरकारको मनोनयनद्वारा १ वर्ष भन्दा बढी असाधारण बिदा, अध्ययन विदा लिई वैदेशिक अध्ययनमा गएको राष्ट्रसेवक कर्मचारीलाई वैदेशिक अध्ययनबाट फिर्ता भई हाजिर भई काम गरेको १ वर्षपछि मात्र विभूषणको लागि सिफारिस गर्न सकिनेछ,

ट. राष्ट्रसेवक कर्मचारीहरुलाई सिफारिस गर्दा सम्बन्धित निकायको प्रमुखबाट प्राप्त भएको सिफारिस एवम् राय समेतलाई आधार मानिनेछ,

ठ. सर्वसाधारण तथा समाजसेवीहरुको हकमा प्रहरी तथा अन्य माध्यमबाट निजहरुको चरित्र र चालचलन समेत बुझ्न सकिनेछ,

ड. विभूषण समितिले राष्ट्रको श्रीवृद्धी, गरिमा र गौरव बढाउने गरी लोक कल्याणमा समेत उल्लेखनीय कार्य गर्ने व्यक्तिहरुलाई विभूषण सिफारिस गर्न सक्नेछ।

**५.४.३.** सरकारी सेवाका विभिन्न निकायहरुमा कार्यरत राष्ट्रसेवकलाई विभूषण सिफारिस गर्दा देहाय बमोजिमको जनशक्तिको आधारमा कोटा निर्धारण गरिनेछः

(क) ३०० सम्म जनशक्ति भएको निकायबाट १ जना,
(ख) ५०० सम्म जनशक्ति भएको निकायबाट २ जना,
(ग) १००० सम्म जनशक्ति भएको निकायबाट ३ जना,
(घ) ५००० सम्म जनशक्ति भएको निकायबाट ४ जना,
(ङ) ५००० देखि माथि जनशक्ति भएको निकायबाट ५ जना,

(च) सुरक्षा निकायतर्फः-　नेपाली सेनातर्फ　-२५ जना,
नेपाल प्रहरीतर्फ　-२० जना,
सशस्त्र प्रहरी बलतर्फ　-१२ जना,
राष्ट्रिय अनुसन्धानतर्फ　-४ जना,

**५.४.४.** राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरुः राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, अन्वेषणात्मक लगायत अन्य क्षेत्र वा अन्तराष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याई राष्ट्रको गरिमा, प्रतिष्ठा र पहिचानको अभिवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गर्ने स्थानीय तहका सर्वसाधारण, पदाधिकारी तथा राष्ट्रसेवकलाई विभूषण सिफारिस गर्दा देहाय बमोजिमको कोटा निर्धारण गरिनेछः

(क) गाउँपालिका　- २ जना
(ख) नगरपालिका　- ३ जना
(ग) उपमहानगरपालिका　- ४ जना
(घ) महानगरपालिका　- ६ जना

## ५.५. देहायको व्यक्तिहरुलाई विभूषणका लागि सिफारिस गरिने छैनः

क. निलम्बनमा परेको वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,
ख. भ्रष्टाचार, जवर्जस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागूऔषध विक्री वितरण तथा निकासी पैठारी, सम्पत्ती शुद्धिकरण तथा राहदानी दूरूपयोग सम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाय ठहर भएको,
ग. सहकारी, बैंक तथा वित्तिय संस्थाको ऋण नियतवस नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,
घ. प्रचलित नेपाल कानूनद्वारा अयोग्य हुन सक्ने आधारहरु समेत आकर्षित हुने,
ङ आफूले प्राप्त गरेको विभूषण कसैलाई विक्रि गरेको वा बन्धकीमा राखेको,
च. आफूले प्राप्त गरेको विभूषणको मर्यादा विपरीत हुने गरी विभूषणको प्रयोग गरेको वा कसैलाई प्रयोग गर्न दिएको,
छ. सामाजिक तथा सार्वजनिक जीवनमा आलोचित भएको,
ज. यी उपर्युक्त खण्ड (क) देखि (छ) सम्मका कसुरमा संलग्न भएको प्रमाण फेला परेको अवस्थामा साविकमा घोषणा भई विभूषण (मानपदवी, अलंकार र पदक) पाईसकेको भए सो समेत रद्द गर्न सकिनेछ ।

# परिच्छेद-५
# विभूषण सिफारिस प्रक्रिया

**६. विभूषण सिफारिसका लागि देहायबमोजिम प्रक्रिया अपनाइने छ;**

अ) देहायका व्यक्तित्व, राष्ट्रसेवक वा नेपाली/विदेशी नागरिकले आ-आफ्नो क्षेत्रमा राष्ट्रको गरिमा, प्रतिष्ठा र पहिचानको अभिवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्ता व्यक्तित्व, राष्ट्रसेवक वा नागरिकले पुऱ्याएको योगदानको विवरण विभूषण ऐन, २०६४ को अनुसूची वमोजिमको ढाँचामा खुलाई विभूषण प्रदान गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समय भित्र विभूषण समितिको सचिवालय, गृह मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ :-

क. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रदेश प्रमुख, प्रधान न्यायाधीश, व्यवस्थापिका संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, उपसभामुख, नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीहरु, प्रदेश सरकारका मुख्य मन्त्री, सभामुखहरुका हकमा विभूषण समितिले,

ख. विदेशी राष्ट्रका राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी र विदेशी नागरिकहरुको हकमा परराष्ट्र मन्त्रीले,

ग. संघीय व्यवस्थापिका संसद्का सदस्यहरुको हकमा व्यवस्थापिका संसद्को सभामुखले,

घ. राष्ट्रिय सभाका सदस्यहरुको हकमा राष्ट्रिय सभाका अध्यक्षले,

ङ. संवैधानिक निकायका प्रमुखको हकमा विभूषण समितिले र राष्ट्रसेवक कर्मचारीका हकमा सम्बन्धित संवैधानिक निकायका प्रमुखले,

च. प्रदेश सरकारका मन्त्री, राज्यमन्त्रीको हकमा प्रदेश मुख्यमन्त्रीले,

छ. स्थानीय तहसँग सम्बन्धित कुनै पदाधिकारी, कर्मचारी वा महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण सहित सम्बन्धित स्थानीय तहले नेपाल सरकारको गृह मन्त्रालय समक्ष पठाउनु पर्नेछ र यसरी प्राप्त भएका विवरण समेतको आधारमा उपयुक्त व्यक्तिको नाम गृहमन्त्रीले सिफारिस समितिमा पठाउनु पर्नेछ । स्थानीय तहबाट सिफारिस भई आएका व्यक्तिहरुको विवरण सम्बन्धित प्रदेशमा सत्यापनका लागि पठाउनु पर्नेछ र प्राप्त विवरणलाई सम्बन्धित प्रदेशले आफ्नो धारणा सहित सत्यापन गरी विभूषण समितिको सचिवालयमा ७ दिनभित्र पठाउनु पर्नेछ ।

ज. प्रदेशसँग सम्बन्धित कुनै पदाधिकारी, कर्मचारी वा महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण सहित बढीमा ४० जनासम्म सम्बन्धित प्रदेशले विभूषण सिफारिस समितिमा पठाउनु पर्नेछ ।

झ. प्रदेश सभाका सदस्यहरुको हकमा प्रदेश सभा सभामुखले,

ञ. संघीय व्यवस्थापिका संसद् सचिवालयका कर्मचारीहरुको हकमा संघीय व्यवस्थापिका संसद्को महासचिवले,

ट. प्रदेश व्यवस्थापिका संसद् सचिवालयका कर्मचारी तथा प्रदेश मन्त्रालयका कर्मचारीहरुको हकमा प्रदेश प्रमुख सचिवले,

ठ. कुनै मन्त्रालयसँग सम्बन्धित कर्मचारीको हकमा मन्त्रालयको सचिवले र सचिवको हकमा नेपाल सरकारका मुख्य सचिवले,

ड. नेपाली सेना तथा अन्य सुरक्षा निकायका प्रमुखहरुको हकमा सम्बन्धित मन्त्रीले तथा सुरक्षा निकायका राष्ट्रसेवकहरुको हकमा सम्बन्धित सुरक्षा निकाय प्रमुखले,

ढ. जिल्लाका उत्कृष्ट कार्य गरेका आम नागरिक एवम् राष्ट्रसेवक कर्मचारीहरुका हकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले,

ण. खण्ड (क) देखि (ड) सम्म उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिका हकमा गृहमन्त्रीले,

उल्लेख्य या विशेष काम गर्ने नागरिकले आफू विभूषण प्राप्त गर्न योग्य रहेको दावी, आफूले गरेको कामको विवरण सहित सर्वसाधारण नागरिकहरुले गृह मन्त्रालयमा र राष्ट्रसेवकहरुले आ-आफ्नो निकाय प्रमुख समक्ष प्रस्तुत गर्न सक्नेछन् ।

आ) नेपाल सरकारबाट प्रदान हुने विभूषणका लागि योग्य व्यक्तिहरुको नाम प्राथमिकताको आधारमा सिफारिस गर्न गृह मन्त्रालयले पौष २२ गते भित्रमा सम्बद्ध सबै निकायहरुमा पत्राचार एवम् <u>३५ (पैतीस) दिने</u> सार्वजनिक सूचना प्रकाशन गर्नेछ र सम्बन्धित निकायहरुले माघ मसान्तभित्र यस कार्यविधिमा उल्लिखित आधार र प्रक्रिया वमोजिम नामावली सिफारिस गरी गृह मन्त्रालय, विभुषण समितिको सचिवालयमा पठाउनु पर्नेछ।

इ) विभुषण सिफारिस गर्ने निकायले संलग्न अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिको विवरण पठाउनुपर्नेछ ।

ई) प्रत्येक वर्षको <u>चैत्र १५ गते</u>भित्र विभूषण समितिले विभूषण सिफारिस सम्बन्धी कार्यको टुंगो लगाई चैत्र मसान्त भित्रमा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नेछ ।

उ) सम्माननीय राष्ट्रपतिबाट विभूषित हुने व्यक्तिहरुको नामावली घोषणा <u>बैशाख १ गते वा गणतन्त्र दिवस जेठ १५ गते गरिनेछ र सुशोभन कार्यक्रमका लागि कुनै एक राष्ट्रिय दिवसका दिन</u> गरिनेछ ।

ऊ) मन्त्रिपरिषद् मार्फत सिफारिस नामावलीहरु राष्ट्रपतिसमक्ष पेश भई स्वीकृत भएपछी विभूषण प्रदान हुने व्यक्तिहरुको नामावली सार्वजनिक गरिनुका साथै गृह मन्त्रालयको वेभ साइटमा समेत राखिनेछ ।

ए) विभूषण प्रदान हुने व्यक्तिहरुको घोषित नामावली सार्वजनिक भए पश्चात् कुनै व्यक्तिहरुको नाम, थर, वतन र विभूषण फरक पर्न गई संशोधन गर्नुपर्ने भएमा सार्वजनिक भएको मितिले १ (एक) महिना भित्र विभूषण समितिको सचिवालय, गृह मन्त्रालयमा निवेदन दिनुपर्नेछ । सो अवधिभित्र निवेदन नदिने व्यक्तिहरुको सार्वजनिक गरिएको नाम, थर, वतन र विभूषण पछि संशोधन गरिने छैन ।

**७. अभिलेख तथा अन्यः**

७.१. राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा उदाहरणीय/विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूको सूची नेपाल सरकार गृह मन्त्रालय, विभूषण शाखाले अद्यावधिक गरी राखेछ ।

७.२. विभूषणका लागि सिफारिस भएका व्यक्तिको पृष्ठभूमी, उच्चतम नैतिक चरित्र र सामाजिक सम्मति अभिलेख नेपाल सरकार गृह मन्त्रालय, विभूषण शाखाले अद्यावधिक गर्नेछ ।

७.३. नेपाल रत्न र राष्ट्र गौरव विभूषणलाई बाह्य सूचक उपलब्धीका रूपमा लिनेछ। यी विभूषणहरुलाई खास क्षेत्रको विशिष्ट योगदान पछिको जीवनमा मात्र प्रदान गरिनेछ ।

७.४. नेपालको श्रीवृद्धि, गरिमा, प्रतिष्ठा र पहिचान बढाउन विदेशमा रही योगदान गर्नेहरूको सूची नेपाली नियोगहरूले तयार गर्ने अभिलेख राखे र अद्यावधिक गरिनेछ ।

७.५. विभूषण प्राप्त गर्ने व्यक्ति विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ को बुँदा नं. ५.५ बमोजिम ठहरिएमा विभूषण सिफारिस गर्ने व्यक्ति/अधिकारी जवाफदेही हुनेछ ।

**८. विभूषण स्वतः रद्द हुनेः**

अ) यो कार्यविधि एवम् विभूषण प्रदान सम्वन्धी मापदण्ड प्रारम्भ भएपछि सम्माननीय राष्ट्रपतिबाट विभिन्न व्यक्तिहरुलाई प्रदान हुने विभूषणको सुशोभन समारोहमा अनुपस्थित हुने एवम् त्यसपछि पनि प्रदान गरिएको विभूषण गृह मन्त्रालयवाट १ (एक) वर्ष भित्र बुझि लिन सम्पर्कमा नआएको खण्डमा सो घोषित विभूषण स्वतः रद्द हुनेछ ।

आ) राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई राष्ट्रका तर्फबाट विभूषित व्यक्तिले सार्वजनिक जीवनको व्यवहार उच्चतम नैतिकतामा राख्नु पर्नेछ । नैतिकता कायम राख्न नसकेमा विभूषण फिर्ता हुनेछ ।

**९. पोशाकः-** सुशोभनका अवसरमा सुशोभित हुने व्यक्तिहरुले संलग्न अनुसूची-२ बमोजिमको राष्ट्रिय पोशाक र विभूषण पहिरिनु पर्नेछ ।

**१०. विविधः-** विभूषण प्रदान गर्ने घोषणा भएपछि विभूषित हुने व्यक्तिहरुको नाम, थर, ठेगाना जस्ता विषयमा देखा परेका सामान्य त्रुटिहरू आवश्यक प्रमाण हेरी विभूषण समितिले संशोधन गर्न सक्नेछ र त्यसरी संशोधन गरिएको विषयको सूचना राष्ट्रपतिको कार्यालय एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिईनेछ । उक्त सूचना गृह मन्त्रालय मार्फत राजपत्रमा प्रकाशन हुने व्यवस्था मिलाईनेछ ।

**अनुसूची-१**

(विभूषण ऐन, २०६४ को दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

विभूषण सिफारिस फाराम

................ मन्त्रालय/सचिवालय/आयोग/विभाग/कार्यालय

**सिफारिस गरिने राष्ट्रसेवकको विवरण**

फोटो

**(१) व्यक्तिगत विवरणः**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम | | | हालको जन्म मिति/उमेर | | |
| | | | आमाको नाम | | |
| ना.प्र.नं./जिल्ला | | | बुवाको नाम | | |
| ठेगाना | न.पा./गा.पा. | | वार्ड नम्बर | टोल/ब्लक नं. | जिल्ला |
| स्थायी | | | | | |
| अस्थायी | | | | | |
| शैक्षिक योग्यता | तह | उतीर्ण साल | शैक्षिक संस्थाको नाम | | |
| | | | | | |
| सम्पर्क | फोन नं. | | ईमेल ठेगानाः | | |

**(२) कार्यरत राष्ट्रसेवकको संस्थागत विवरण**

| | | | |
|---|---|---|---|
| हालको दर्जा/श्रेणी | | पदोन्नति मिति | |
| परिचय पत्र नं./ संकेत नं | | सुरु नियुक्ति मिति | |
| सुरु नियुक्ति दर्जा | | हाल कार्यरत स्थान | |
| कार्यालय | | अध्ययन/असाधारण विदा | |

| सम्बन्धित व्यक्तिले प्राप्त गरेका तालिमको विवरण | **तालिमको नाम** | **तालिमको मिति** | **प्राप्त श्रेणी** | **तालिम दिने संस्थाको नाम** |
|---|---|---|---|---|
| | १. | | | |
| | २. | | | |
| | ३. | | | |
| | ४. | | | |

**(३) उपलब्धीहरूको विवरणः**

| | | | |
|---|---|---|---|
| बिगतमा प्राप्त गरेका उपाधी, सम्मान र विभूषण तथा प्राप्त मिति | प्रशंशापत्रहरूः | | |
| | पुरस्कारहरू (निजामती पुरस्कार समेत): | | |
| | विभूषणहरूः | | |
| | अन्यः | | |
| सम्बन्धित व्यक्तिले हाल सम्म गरेका उल्लेख्य कार्यको विवरणहरू | कार्यालय | काम गरेको अवधि | विशेष योगदान/कार्य |
| | १. | | |
| | २. | | |
| | ३. | | |
| | ४. | | |

**(४) विगतमा भएको कारवाहीको विवरणः**

| | |
|---|---|
| विगतमा भएका कारवाही वा सफाई पाएको भए सो को विवरण | ध्यानाकर्षण/सचेत/चेतावनी |
| | नसिहत/निलम्बनः |
| | ग्रेड रोक्का/पदोन्नति रोक्का/तल्लो टाइम स्केलमा घटुवाः |
| | घटुवा/चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकुल रायः |
| | सेवाबाट हटाएको बरखास्त गरेकोः |
| | अन्य अभियोगः |

**(५) उल्लेखित सम्पूर्ण विवरणहरू सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु, झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाँउला।**

नाम थरः　　　　दर्जाः　　　　कार्यरत निकायः

फोन नम्बरः　　　　ईमेल ठेगानाः　　　　दस्तखतः

**(६) सम्बन्धित राष्ट्रसेवकको उल्लेखनीय उपलब्धीहरू तथा विभूषण प्रदान गर्नु पर्ने कारणहरूः**

| | |
|---|---|
| जिम्मेवारी बहन तथा उत्तरदायित्व प्रति निजको भूमिका | |
| निजको आफ्नै पहलमा भएका सिर्जनसील कार्यहरू | |
| साहशिक तथा उल्लेख्य कार्यहरूको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नु पर्ने आधार तथा अरू उल्लेख्य कारणहरू | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

**(७) सिफारिस कर्ताको रायः**

नाम थरः　　　　दर्जाः　　　　दस्तखतः

कार्यालयः-　　　　मिति

(द्रष्टब्यः परिणाममुखी र वस्तुगत आधार तथ्यगत रूपमा उल्लेख गर्नु पर्नेछ।)

**अनुसूची-१**

(विभूषण ऐन, २०६४ को दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

विभूषण सिफारिस फाराम

................ मन्त्रालय/सचिवालय/आयोग/विभाग/कार्यालय

**सिफारिस गरिने सर्वसाधारणहरूको विवरण**

फोटो

**(१) व्यक्तिगत विवरणः**

| | | | |
|---|---|---|---|
| नाम | | हालको जन्म मिति/उमेर | |
| | | आमाको नाम | |
| ना.प्र.नं./जिल्ला | | बुवाको नाम | |

| | | | | | |
|---|---|---|---|---|---|
| ठेगाना | न.पा./गा.पा. | | वार्ड नम्बर | टोल/ब्लक नं. | जिल्ला |
| स्थायी | | | | | |
| अस्थायी | | | | | |
| शैक्षिक योग्यता | तह | उतीर्ण साल | शैक्षिक संस्थाको नाम | | |
| | | | | | |
| सम्पर्क | फोन नं. | | ईमेल ठेगानाः | | |

**(२) योगदानको विवरणः**

| | | | |
|---|---|---|---|
| बिगतमा प्राप्त गरेका उपाधी, सम्मान र विभूषण तथा प्राप्त मिति | प्रशंशापत्रहरूः | | |
| | पुरस्कारहरूः | | |
| | विभूषणहरूः | | |
| | अन्यः | | |
| सम्बन्धित व्यक्तिले हाल सम्म गरेको योगदान लगायत उल्लेख्य कार्यको विवरण | कार्यालय | काम गरेको अवधि | विशेष योगदान/कार्य |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(३) तालिमको विवरण**

| सम्बन्धित व्यक्तिले प्राप्त गरेका तालिमको विवरण | तालिमको नाम | तालिमको मिति | प्राप्त श्रेणी | तालिम दिने संस्थाको नाम |
|---|---|---|---|---|
| | १. | | | |
| | २. | | | |
| | ३. | | | |
| | ४. | | | |

**(४) विगतमा भएको कारवाहीको विवरणः**

| | |
|---|---|
| विगतमा भएका कारवाही वा सफाई पाएको भए सो को विवरण | फौजदारी मुद्धाः |
| | देवानी मुद्धाः |
| | काली सूची, बैकिङ्ग कसुरः |
| | अन्य अभियोगः |

**(५) उल्लेखित सम्पूर्ण विवरणहरू सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला।**

नाम थरः दर्जाः कार्यरत निकायः

फोन नम्बरः ईमेल ठेगानाः दस्तखतः

**(६) सम्बन्धित व्यक्तिको उल्लेखनीय उपलब्धीहरू तथा विभूषण प्रदान गर्नु पर्ने कारणहरूः**

| | |
|---|---|
| निजको आफ्नै पहलमा भएका सिर्जनसील कार्यहरू | |
| साहशिक तथा उल्लेख्य कार्यहरूको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नु पर्ने आधार तथा अरू उल्लेख्य कारणहरू | |
| निजको आचरण (प्रहरी प्रतिवेदन अनुसार) | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

**(७) सिफारिस कर्ताको रायः**

नाम थरः दर्जाः दस्तखतः

कार्यालयः- मिति

(द्रष्टब्यः परिणाममुखी र वस्तुगत आधार तथ्यगत रूपमा उल्लेख गर्नु पर्नेछ।)

## अनुसूची-२
## विभूषण सुशोभन समारोहको पोशाक एवम् विभूषण
(विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ को दफा ९ सँग सम्बन्धित)

| पोशाक नं. | निजामती तर्फ | नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरि बलतर्फ | सर्वसाधारण नेपाली नागरिकतर्फ | विदेशी नागरिकतर्फ |
|---|---|---|---|---|
| ३ | ग्रे कोट/कालो कोट सहितको औपचारिक पोशाकमा पटासहित मानपदवी २ र अलङ्कार पदकहरू | ट्युनिक, एक्युलेट, ग्याठ बूट, मानपदवी-२, अलङ्कार र पदक (परेडमा भाग लिनेले मात्र खड्गासहित)। | नेपाली पोशाक | सम्बन्धित देशको औपचारिक पोशाक |

द्रष्टव्यः-

(क) निजामती, नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बलका पदाधिकारीहरु बाहेक अन्य पदाधिकारीहरुको विभूषण र पोशाक निजामती पदाधिकारी सरह हुनेछ ।

(ख) "नेपाली पोशाक" भन्नाले नेपाली नागरिकले साविकमा लगाउँदै आईरहेको महिलाको निमित्त जुनसुकै शैलीको चोलो, सारी र जुत्तासहितको पोशाक र पुरुषको निमित्त लवेदा, सुरुवाल, कोट र टोपीसहितको पोशाक सम्झनु पर्दछ ।

(ग) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा साविक बमोजिम नै चोलो, सारी/लवेदा, सुरुवाल (सेतो रङ्गको) र टोपी (भादगाउँले) कालो रंगको हुनेछ ।

(घ) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा जुत्ता कालो (छालाको) हुनेछ ।

तर सुशोभन समारोहमा हिमाल, पहाड, तराई/मधेशमा लगाईने आ-आफ्नो परम्परा र संस्कृति अनुसारको जातजाती, भाषा, धर्म र संस्कृति झल्काउने नेपाली पोशाक लगाउन समेत सक्नेछन् ।